UK Health Security Agency

# शल्यक्रियाका घाउहरूमा संक्रमणको निगरानी

## बिरामीहरूका लागि जानकारी







यस पर्चाले शल्यक्रियाका घाउमा संक्रमण र अस्पतालमा रहँदा लागेका संक्रमणहरूको निगरानी गर्नका लागि राष्ट्रिय कार्यक्रमको बारेमा बताउँछ

# शल्यक्रियाका घाउमा संक्रमणहरू भनेको के हुन्?

शल्यक्रियाका प्रायःजस्ता घाउ कुनै जटिलताबिना चाँडै निको हुन्छन्। थोरै संख्यामा शल्यक्रियाका घाउहरू संक्रमणले गर्दा जटिल हुन्छन्। सर्जनद्वारा शल्यक्रिया गर्न तपाईंको छालामा चीरा पारिएको (काटिएको) स्थानबाट कीटाणुहरू (ब्याक्टेरियाजस्ता सुक्ष्म-जीवहरू) प्रवेश गर्दा यस्तो हुन्छ।

धेरै कीटाणुहरू हाम्रा शरीरभित्र र बाहिर साथै हामी वरिपरिको वातावरणमा बस्छन्। ती मध्ये धेरै हानिकारक हुँदैनन् वा उपयोगी समेत हुन्छन्। हाम्रो शरीरमा हानी पुऱ्याउन सक्ने कीटाणुहरूविरुद्ध प्राकृतिक सुरक्षा तन्त्र हुन्छ। हाम्रो छालाले सामान्यतया कीटाणुहरूलाई हाम्रो शरीरभित्र प्रवेश गर्नबाट रोक्छ, तर छाला कहीँ कतै काटिएको-च्यातिएको छ भने (चोटपटक लाग्नाले होस् वा शल्यक्रिया गर्दा काटिनाले होस्) कीटाणुहरू त्यहाँबाट प्रवेश गरेर संक्रमण उत्पन्न गर्न सक्छन्।

# यी संक्रमण कहिले विकसित हुन्छन्?

शल्यक्रिया गरिएको दुईदेखि तिन दिनपछि घाउ निको नहुञ्जेल (सामान्यतया शल्यक्रिया गरिएको दुईदेखि तिन सातासम्म) कुनैपनि समयमा संक्रमण विकसित हुन सक्छ। कहिलेकाहिँ मात्रै, शल्यक्रिया गरिएको कैयौँ महिनापछि संक्रमण हुन सक्छ।

शल्यक्रियाका घाउमा संक्रमणहरू असाधारण हुने गर्दछन् (तालिका हेर्नुहोस्)। धेरैजस्ता शल्यक्रियाका संक्रमणहरू छालामा नै सीमित हुन्छन्, तर कहिलेकाहिँ गहिरो तन्तुहरूमा फैलिन सक्छन्। कीटाणुहरू धेरै हुने शरीरका भागहरू जस्तै आन्द्रामा शल्यक्रियापछि संक्रमण हुने सम्भावना बढी हुन्छ।

### विभिन्न प्रकारका शल्यक्रियामा शल्यक्रिया संक्रमणका दर

| शल्यक्रियाका प्रकार | प्रत्येक 100 शल्यक्रियामा संक्रमित घाउहरूको औसत संख्या* |
|---|---|
| घुँडाको जोर्नी प्रतिस्थापन | 1 भन्दा कम |
| नितम्ब जोर्नी प्रतिस्थापन | 1 भन्दा कम |
| पेटको हिस्टेरेक्टोमी | 2 |
| रक्तनली (Vascular) शल्यक्रिया | 2 |
| मुटुको नली बाइपास प्रत्यारोपण | 3 |
| ठुलो आन्द्राको (पेटको) शल्यक्रिया | 9 |

* बिरामीहरू अस्पतालमा नै रहँदा वा शल्यक्रियापछि पुनर्भर्ना हुँदा पत्ता लागेका संक्रमित घाउहरू।
डेटा स्रोतः UKHSA. Surveillance of Surgical Site Infections in NHS Hospitals in England.

# मेरो घाउको निगरानी कसरी गरिने छ?

तपाईं अस्पतालमा भर्ना रहनुभएको दौरान, तपाईंको घाउको पट्टीहरू बदलिने नर्सले संक्रमणका कुनै पनि लक्षणको जाँच गर्नेछन्। यदि तपाईंलाई आफ्नो घाउको बारेमा चिन्ता छ भने तपाईंको स्याहार गरिरहेको नर्सलाई बताउनुहोस्। आफ्नो घाउका पट्टीहरू हटाउने, वा घाउ वा घाउबाट स्रावहरू बाहिर निकाल्न लगाइका प्लास्टिकका ट्युबहरूलाई छुने लालचमा नपर्नुहोस्। तपाईंले अन्जानमा नै आफ्ना औंलाहरूबाट तपाईंका घाउमा कीटाणुहरू सार्न सक्नुहुन्छ।

तपाईं अस्पतालबाट निस्कनुभएपछि संक्रमण विकसित हुन सक्छ। शल्यक्रियापछि केही रातोपना वा सुन्निएको हुनु अपेक्षित हुन्छ, तर तल दिइएका एक वा बढी लक्षणहरू विकसित हुन्छन् भए भने तपाईंलाई संक्रमण भएको हुन सक्छ:

- तपाईंको घाउ वरिपरिको छाला रातो हुन्छ वा पीडापूर्ण हुन्छ र यो सामान्य घाउ निको हुने प्रक्रियाको भाग होइन भन्ने तपाईंलाई लाग्छ, वा त्यो ठाउँ तात्तिएको वा सुन्निएको महसुस हुन्छ
- तपाईंको घाउमा हरियो वा पहेँलो रङको स्राव (पीप) देखिन्छ
- तपाईंलाई सामान्यतया बिसञ्चो वा ज्वरो आएको जस्तो महसुस हुन्छ, वा तपाईंलाई ज्वरो आउँछ

यदि तपाईंको घाउको सम्बन्धमा कुनै समस्या हुन्छ भने तपाईंलाई अस्पतालसँग सम्पर्क गर्न नभनिएको खण्डमा आफ्ना चिकित्सक (GP) सँग सम्पर्क गर्नुहोस्। तपाईंको शल्यक्रिया भएको लगभग एक महिनापछि तपाईंको घाउमा कुनै समस्या त छैन भनेर सोध्नका लागि तपाईंले एउटा प्रश्नावली (कागज, ईमेल वा टेक्स्ट) वा अस्पतालबाट टेलिफोन कल प्राप्त गर्नुहुनेछ। कतिपय बिरामीहरू उनीहरूको शल्यक्रिया भएको केही समयपछि नै अस्पतालबाट बिदा हुन्छन् र अस्पतालको स्टाफले बिरामीहरू अस्पतालमा रहँदा नै विकसित भएका संक्रमणको मात्रै होइन, बिरामी अस्पतालबाट बिदा भएपछि घाउमा उत्पन्न संक्रमणको बारेमा पनि पत्ता लगाउनु आवश्यक हुन्छ।

# यदि मेरो शरीरमा लक्षणहरू विकसित भए भने के हुन्छ?

तपाईंको अस्पतालले तपाईंको शल्यक्रियाको बारेमा जानकारीहरू सङ्कलन गर्नेछ र तपाईंका घाउमा संक्रमणका लक्षणहरूको निगरानी गर्नेछ। यदि नर्स, मिडवाइफ वा चिकित्सकले तपाईंलाई शल्यक्रियाका घाउमा संक्रमण भएको शङ्का गर्छन् भने उनीहरूले तपाईंको घाउको सतहबाट स्वाबको मद्दतले नमूना लिनेछन् र परीक्षणका लागि प्रयोगशालामा पठाउनेछन्। तपाईंका नर्स वा चिकित्सकले तपाईंलाई एन्टिबायोटिक उपचार लेख्न सक्छन्। तपाईंको शल्यक्रियासम्बन्धि सङ्कलित जानकारीको प्रयोग अस्पतालद्वारा तपाईंलाई सर्वोत्तम व्यक्तिगत स्याहार प्रदान गर्नका लागि गरिने छ।

# मेरो जानकारी कोसँग साझा गरिनेछ?

युके हेल्थ सेक्युरिटी एजेन्सी (UKHSA) इङ्गल्यान्डभरि अस्पतालहरूमा शल्यक्रिया घाउ संक्रमणहरूको निरीक्षणका लागि जिम्मेवार छ। यसमा मद्दतका लागि तपाईंको अस्पतालले UKHSA सँग तपाईंको शल्यक्रियाबारे व्यक्तिगत जानकारी, तपाईंको नाम, जन्म मिति, लिङ्ग र NHS नम्बरसमेत, साझा गर्दछ। साथै, तपाईंमा शल्यक्रिया घाउ संक्रमण विकसित हुने जोखिमबारे जानकारी पनि साझा गरिनेछ, जसमा समावेश छन्:

- तपाईंको शल्यक्रियापूर्व तपाईंको स्वास्थ्यको सामान्य स्तर
- तपाईंको शल्यक्रियाबारे जानकारी
- तपाईंको शल्यक्रियापछि तपाईंलाई भएको हुन सक्ने कुनैपनि संक्रमणबारे जानकारी

UKHSA ले तपाईंको अस्पतालबाट प्राप्त गरेको जानकारीको गुणस्तर र शुद्धता जाँच्न र बिरामीहरूको गणना एकपटकभन्दा बढी नहोस् भन्ने सुनिश्चित गर्नका लागि तपाईंको व्यक्तिगत जानकारीको प्रयोग गर्नु आवश्यक हुन्छ। हामीले यस जानकारीको प्रयोग तपाईंको शल्यक्रियापछि तपाईं अस्पतालमा पुनर्भर्ना हुनुभयो कि भएन भनी पत्ता लगाउन NHS अभिलेखहरूसँग जोड्न, र तपाईंलाई मधुमेह जस्ता संक्रमणको कुनै जोखिम छ कि छैन भन्ने हेर्नका लागि पनि गर्नेछौं। यसबाट हाम्रा जन स्वास्थ्य वैज्ञानिकहरूलाई अस्पतालहरूको शल्यक्रिया संक्रमणहरूको दरको मूल्याङ्कन गर्नमा मद्दत मिल्छ र यसले बिरामीहरूलाई उपलब्ध गराइने उपचारमा सुधार गर्न मद्दत गर्दछ। यसका अतिरिक्त, हामीले शल्यक्रिया संक्रमणको कुनैपनि बिरामीको यस संक्रमणले गर्दा मृत्यु भयो कि भन्ने पत्ता लगाउन राष्ट्रिय सांख्यिकीय कार्यालय (Office for National Statistics) को मृत्यु दर अभिलेखसँग पनि यसलाई जोड्छौं।

तपाईंको जानकारीलाई क्लिनिकल संक्रमणहरूसम्बन्धि थप जानकारी पत्ता लगाउनका लागि UKHSA अधीन रहेको सुक्ष्म जीवविज्ञान प्रयोगशाला डेटासँग पनि जोड्न सकिनेछ। हामीले तपाईंको जानकारीलाई, प्रयोग गरिएका शल्यक्रियात्मक इम्प्लान्टहरूका प्रकार जस्ता विस्तृत शल्यक्रियात्मक जानकारीहरू राख्ने अन्य क्लिनिकल रजिष्ट्रीहरू अधीन रहेका अभिलेखहरूसँग पनि जोड्न सक्नेछौं।

तपाईंको वा तपाईंको तर्फबाट कार्यरत व्यक्तिहरूका मोबाइल फोन नम्बर र ईमेल ठेगाना UKHSA सँग साझा गर्न सकिने छ। यस कारणले हामी तपाईंलाई ईमेल वा टेक्स्टद्वारा घाउ निको भएकोसम्बन्धी प्रश्नावली पठाउन सक्छौं जसलाई भरेर तपाईंले UKHSA लाई पठाउनु पर्छ।

# मैले शल्यक्रिया संक्रमणहरूको बारेमा थप जानकारी कहाँबाट पाउन सक्छु?

तपाईंले शल्यक्रियाका घाउमा संक्रमणहरूको बारेमा थप जानकारी UKHSA को वेबसाइट www.gov.uk/government/collections/surgical-site-infection-ssi-guidance-data-and-analysis बाट पाउन सक्नुहुन्छ।

# मैले UKHSA बारे थप जानकारी कहाँबाट पाउन सक्छु?

UKHSA ले शल्यक्रियाका घाउमा संक्रमणहरूको पत्ता लगाउन तपाईंको व्यक्तिगत जानकारीको प्रयोग कसरी गर्छ भन्ने बारेमा थप जानकारी तपाईंले www.gov.uk/guidance/surgical-site-infection-surveillance-privacy-notice बाट पाउन सक्नुहुन्छ।

UKHSA को शल्यक्रिया स्थल संक्रमण निरीक्षण सेवाको निगरानीअन्तर्गत रहेका शल्यक्रिया गरिएका बिरामीहरूका लागि UKHSA द्वारा उत्पादित।

| **यदि तपाईंका थप प्रश्नहरू छन् भने कृपया सम्पर्क गर्नुहोस्:** |
| --- |
| |

यो पर्चा ठुला अक्षरहरूमा र निम्न भाषाहरू, उदाहरणार्थ, अरेबिक, बाङ्ग्ला, चिनी (सरलीकृत वा पारम्परिक), गुजराती, पोलिश, पञ्जाबी र उर्दूमा पनि उपलब्ध छन्। तपाईंले यो प्रकाशन www.gov.uk/ukhsa बाट डाउनलोड गर्न सक्नुहुन्छ।

तपाईंले यस जानकारीको पुनर्प्रयोग (लोगोलाई छोडेर) निःशुल्क कुनै पनि फर्मेट वा माध्यममा, ओपन गभर्नमेन्ट लाइसेन्स (OGL) v3.0 का शर्तहरूअन्तर्गत गर्न सक्नुहुनेछ। यो लाइसेन्स हेर्नका लागि OGL www.nationalarchives.gov.uk/doc/open-government-licence/version/3/ मा जानुहोस्। जहाँ हामीले सम्बन्धित कपिराइट धारकहरूबाट अनुमति प्राप्त गर्न तपाईंलाई चाहिने कुनैपनि तेस्रो पक्ष कपिराइट जानकारीलाई चिह्नित गरेका छौँ।

UKHSA प्रत्येक समुदायका प्रत्येक सदस्यलाई संक्रामक रोगहरू, रासायनिक, जैविक, रेडियोधर्मी र आणविक घटनाहरू तथा अन्य स्वास्थ्य खतराहरूको असरबाट सुरक्षित राख्नका लागि जिम्मेवार छ। हामीले राष्ट्रको स्वास्थ्यलाई सुरक्षित राख्न राष्ट्रिय र स्थानीय स्तरमा साथै वैश्विक मञ्चमा बौद्धिक, वैज्ञानिक र परिचालनसम्बन्धि नेतृत्व प्रदान गर्दछौँ।

www.gov.uk/government/organisations/uk-health-security-agency

**Ulotka ta jest również dostępna w języku polskim**
ਇਹ ਪਰਚਾ ਪੰਜਾਬੀ ਵਿੱਚ ਵੀ ਉਪਲਬੱਧ ਹੈ
এই প্রচারপত্রটি বাংলা ভাষায়ও পাওয়া যায়
આ પત્રિકા ગુજરાતી ભાષામાં પણ ઉપલબ્ધ છે
本宣传单还提供有中文(简体)版本
本宣傳單還提供有中文(繁體)版本

تتوفر هذه الكراسة أيضاً باللغة العربية.
یہ پرچہ اُردو میں بھی دستیاب ہے

© Crown copyright 2025

यस दस्तावेजसँग सम्बन्धित प्रश्नहरूका लागि, कृपया सम्पर्क गर्नुहोस्:
ssi.data@ukhsa.gov.uk

प्रकाशितः जून 2025

प्रकाशन सन्दर्भः GOV-11041

फोटोहरू © Shutterstock

Corporate member of Plain English Campaign
Committed to clearer communication
339

UKHSA ले सतत विकास लक्ष्यहरूलाई समर्थन गर्छ
SUSTAINABLE DEVELOPMENT GOALS